# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०१।१० गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

---

डिभिजन वन कार्यालय, सिमरा, बाराका कार्यालय प्रमुख (डिभिजनल वन अधिकृत) शिवशंकर ठाकुर भन्ने शिवशंकर ठाकुर लोहारसमेतले कवाडी सामानको लागि बोलपत्र आह्वान गर्दा लिलामी परेपछि उक्त सामान उठाउनको लागि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाबाट खटिई गएको टोलीले डिभिजन वन कार्यालय, बारा, सिमराका सहायक वन अधिकृत गौरीशंकर प्रसाद केसरीलाई रु.२५,०००/-(पच्चीस हजार) सहित र कार्यालय सहयोगी रामचन्द्र अधिकारीले आफ्नो कार्यालयको कार्यालय प्रमुख डिभिजनल वन अधिकृत शिवशंकर ठाकुर लोहारको निर्देशन बमोजिम लिएको रु.९०,०००/-(नब्बे हजार) सहित सेवाग्राही सँग घुसबापतको रकम लिइसकेको अवस्थामा निजहरुलाई मिति २०७५।१२।१५ गते नियन्त्रणमा लिई अनुसन्धान हुँदा उक्त डिभिजन वन कार्यालय, सिमरा, बाराका सहायक वन अधिकृत गौरीशंकर प्रसाद केसरीले रु.२५,०००/- र डिभिजनल वन अधिकृत शिवशंकर ठाकुर लोहारले रु.९०,०००/- सोही कार्यालयका कार्यालय सहयोगी रामचन्द्र अधिकारीलाई लिन लगाई भ्रष्टाचार गरेको स-प्रमाण पुष्टि हुन आएको देखिंदा निज राष्ट्रसेवक कर्मचारी सहायक वन अधिकृत गौरीशंकर प्रसाद केसरी र डिभिजनल वन अधिकृत शिवशंकर ठाकुर लोहारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.१,१५,०००/- (एक लाख पन्ध्र हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय हुन, साथै कार्यालय सहयोगी रामचन्द्र अधिकारीले आफ्नो कार्यालयको कार्यालय प्रमुख डिभिजनल वन अधिकृत शिवशंकर ठाकुर लोहारको निर्देशन बमोजिम घुस/रिसवत बापतको रु.९०,०००/- लिई प्रस्तुत भ्रष्टाचारजन्य कार्यमा मतियारको भूमिका खेली भ्रष्टाचार गरेको पुष्टि हुन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुरमा निज रामचन्द्र अधिकारीलाई बिगो रु.१,१५,०००/-(एक लाख पन्ध्र हजार) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) ले हुने सजायमा ऐ. ऐनको दफा २२ बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता